# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, कात्तिक १ गते २०४५ साल (संख्या २७


## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

विदेशीसम्बन्धी नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विदेशीसम्बन्धी ऐन, २०१५ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विदेशीसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०४५" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. विदेशीसम्बन्धी नियमावली, २०३२ को नियम २ मा संशोधनः विदेशीसम्बन्धी नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) झिकिएको छ ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) र (च) थपिएका छन्:–

"(ङ) अन्तरिम भिसा

(च) आवासीय भिसा"

282

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ ।

"१०. गैरपर्यटक भिसाः देहायका विदेशीहरूलाई गैरपर्यटक भिसा दिइनेछः–

(क) नेपाल अधिराज्यको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न चाहने विदेशीहरू,

(ख) कुनै अन्तर्राष्ट्रिय हवाई सेवाको नेपाल अधिराज्यस्थित कार्यालयमा कार्यरत विदेशी कर्मचारीहरू,

(ग) नेपाल अधिराज्यभित्र कुनै फर्म, कम्पनी वा संस्थामा पारिश्रमिक पाउने गरी नियुक्त भएका विदेशीहरू,

(घ) नेपाल अधिराज्यभित्र व्यापार गर्न चाहने विदेशीहरू,

(ङ) विदेशी पत्रपत्रिका तथा समाचार समितिका प्रतिनिधि भई आउन चाहने विदेशीहरू ,

(च) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी र तिनका सन्तानहरू,

(छ) कुटनैतिक वा अफिसियल भिसा प्राप्त विदेशीका नातेदार तथा परिचारक वा परिचारिका भई आउने विदेशीहरू,

(ज) श्री ५ को सरकारबाट स्वीकृति प्राप्त व्यवसाय वा उद्योगमा संयुक्त लगानी गर्ने विदेशीहरू,

(झ) यस नियमावलीबमोजिम गैरपर्यटक भिसा पाएका विदेशीका स्वास्नी छोरा छोरीहरू,

(ञ) नियम ८,९,११,११ क., ११ ख. र १८ बमोजिम भिसा पाउनेबाहेक अन्य विदेशीहरू ।"

५. मूल नियमावलीमा नियम ११ क. र ११ ख. थपः मूल नियमावलीको नियम ११ पछि देहायका नियम ११ क. र ११ ख. थपिएका छन्ः–

"११. क. अन्तरिम भिसाः (१) कुनै एक मुलुकबाट अर्को मुलुक जानको निमित्त नेपाल अधिराज्य प्रवेश गरेका वा नेपाल अधिराज्यबाट प्रत्यागमन भई कुनै मुलुकबाट प्रवेश अस्वीकार भई नेपाल अधिराज्य फर्काइएका विदेशीलाई अन्तरिम भिसा दिइनेछ ।

(२) उपनियम (१) बमोजिम दिइने भिसाको अवधि एक हप्ताभन्दा बढी हुनेछैन ।



२८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. ख. आवासीय भिसाः (१) नेपाल अधिराज्यमा जीवन बिताउन चाहने देहायका विदेशीहरूलाई श्री ५ को सरकारले आवासीय भिसा दिन सक्नेछ।

(क) अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति,

(ख) नेपाल अधिराज्यको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा विशेष योगदान गरेका व्यक्ति,

(ग) नेपाल अधिराज्यको समुन्नतिको लागि कुनै विशिष्ट योगदान गरेको व्यक्ति,

(घ) श्री ५ को सरकारले नेपाल अधिराज्यमा बसोवास गर्न उपयुक्त ठहऱ्याएको व्यक्ति,

(२) उपनियम (१) बमोजिम आवासीय भिसा प्राप्त व्यक्तिले प्रत्येक वर्ष आफ्नो भिसा नवीकरण गराउनु पर्नेछ।"

६. मूल नियमावलीको नियम १२ मा संशोधनः (१) मूल नियमावलीको नियम १२ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) नेपाल अधिराज्यभित्र कुनै फर्म, कम्पनी वा संस्थामा पारिश्रमिक पाउने गरी नियुक्त भएका विदेशीले भिसा लिन चाहेमा श्री ५ को सरकारबाट पाएको श्रम स्वीकृति र त्यस्ता फर्म, कम्पनी वा संस्थाबाट नियुक्ति पाएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।"

(२) खण्ड (च) मा रहेको "स्वास्नी मानिसले" भन्ने शब्दहरूको सट्टा "नागरिकले" भन्ने शब्द राखिएको छ।

(३) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः–

"(ज) विदेशी नागरिकसँग वैवाहिक सम्बन्ध भई नेपालको नागरिकता त्यागी विदेशी राहदानी प्राप्त गरेको व्यक्तिले भिसा लिन चाहेमा विदेशी राहदानी प्राप्त गर्नुअघि आफू नेपाली नागरिक भएको प्रमाण पेश गर्नुपर्नेछ।"

७. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः–

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली स्वास्नी मानिससँग वैवाहिक सम्बन्ध भएका विदेशी लोग्ने मानिसलाई साधारणतया एक वर्षभित्र अधिकतम चार महीनाको लागि मात्र गैरपर्यटक भिसा दिइनेछ।"



२८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को खण्ड (ख) मा रहेको "पञ्चायत" शब्द झिकिएको छ ।

९. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को,

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुनासिब माफिकको कारण परी कुनै पर्यटकलाई भिसाको म्याद तीन महीनामा बढ्ने गरी थप गर्नु परेमा गृह मन्त्रालयको स्वीकृति लिई केन्द्रीय अध्यागमन कार्यालयले बढीमा एक महीनासम्मको म्याद थप गर्न सक्नेछ ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (३) र (४) थपिएको छः–

"(३) पछिल्लो पटक नेपाल अधिराज्यबाट प्रत्यागमन भएको मितिले कम्तिमा तीन महीनाको अवधि व्यतीत नभै नेपाल अधिराज्य-भित्र पुनः प्रवेश गर्ने पर्यटकलाई बढीमा एक महीनाको लागि मात्र भिसा दिइनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पर्य-टकहरूलाई नेपाल अधिराज्यबाट प्रत्यागमन भएको मितिले सामान्यतया एक महीनापछि मात्र नेपाल अधिराज्यभित्र पुनः प्रवेश गर्न दिइनेछ ।"

१०. मूल नियमावलीको नियम १८ मा संशोधनः मूल नियमावलीको नियम १८ मा रहेको "७ (सात)" भन्ने शब्दहरूको सट्टा "१५ (पन्ध्र)" भन्ने शब्द राखिएको छ ।

११. मूल नियमावलीको नियम २१ मा संशोधनः मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ ।

"२१. भिसा जारी गर्दा र म्याद थप गर्दा लाग्ने दस्तूरः नेपाल अधिराज्यभित्र प्रवेशका लागि भिसा जारी गर्दा लाग्ने दस्तूर, भिसाको म्याद थप गर्दा लाग्ने दस्तूर तथा भिसाको म्याद थप गर्दा प्रतिदिन सटही गर्नुपर्ने विदेशी मुद्रा श्री ५को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएबमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ :–

"२२. बिलम्ब शुल्कः भिसाको म्याद नथपाई बसेका विदेशीलाई भिसाको म्याद थप गर्नु परेमा भिसाको म्याद थप गर्दा लाग्ने दस्तूर र सो दस्तूरको दोब्बर बिलम्ब शुल्कसमेत लाग्नेछ।"

१३. मूल नियमावलीको नियम ३३ मा संशोधनः मूल नियमावलीको नियम ३३ को खण्ड (छ) झिकिएको छ।

१४. मूल नियमावलीमा नियम ४० क. थपः मूल नियमावलीको नियम ४० पछि देहायको नियम ४० क. थपिएको छः–

"४० क. पर्यटकले गर्न नहुनेः नेपाल अधिराज्यभित्र पर्यटक भिसा लिई बसेका विदेशीले देहायबमोजिम गर्नु हुँदैनः–

(१) कुनै संघ, संस्था वा व्यक्तिगत रूपमा कुनै पनि पारिश्रमिक लिई वा स्वयमसेवक भई काम गर्न,

(२) भ्रमणको उद्देश्य परिवर्तन गरी गैरपर्यटक कार्यमा संलग्न हुन।"

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।